# मस्यौदा प्रतिवेदन

[illegible]

संघीय संसद

प्रतिनिधि सभा

कानून, न्याय तथा मानव अधिकार समिति

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी प्रतिवेदन, २०८१

१. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७९" भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्क राख्ने ।

२. विधेयकको दफा २ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने:-

"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ:-

"(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएको अन्य जुनसुकै कार्य सम्झनु पर्छ।"

(२) उपदफा (५) को सट्टा देहायका उपदफा (५) राख्ने:-

"(५) खण्ड (ञ१) को सट्टा देहायको खण्ड (ञ१) राखिएको छ:-

"(ञ१)"मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको देहायको कार्य सम्झनु पर्छ:-

(१) जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा,

(२) निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको देहायका कार्य:-

(क) नियतपूर्वक वा स्वेच्छाचारीरुपमा गरिएको हत्या (आर्बीट्रारी किलिङ्ग),

(ख) व्यक्ति बेपत्ता पार्ने कार्य, वा

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वका पक्षबाट बेपत्ता पारी फेला नपरेको व्यक्ति सम्झनु पर्छ ।

(ग) अमानवीय वा क्रुर यातना ।

३. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राखेः

"३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेका "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्ने शब्दहरुको सट्टा "मानव अधिकारको उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा" भन्ने शब्दहरुको सट्टा "मानव अधिकारको गम्भीर उल्लङ्घनमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नु अघि देहाय बमोजिम प्रकृया अवलम्बन गर्नु पर्नेछः-

(क) आयोगमा नियुक्तिको लागि योग्य व्यक्तिहरुको संक्षिप्त सूची तयार गरी सार्वजनिक प्रतिक्रियाको लागि प्रकाशन गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचीमा परेका व्यक्तिहरुको पृष्ठभूमि तथा निजको सम्बन्धमा प्राप्त प्रतिक्रिया समेतको आधारमा उपयुक्त देखिएका व्यक्तिलाई आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्ने।"

(२) उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थप गर्नेः-

"(६) छनौट सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरी सक्नु पर्नेछ।"

४. विधेयकको दफा ४ मा संशोधन गर्न प्रस्ताव गरिएको मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

"(१) यो दफा प्रारम्भ भए पछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि दफा ३८ को अधीनमा रही नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (२) र (३) थपी त्यसपछिका उपदफाका क्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट शान्ति प्रकृयाको काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले कार्य प्रगतिको आधारमा काम सम्पन्न गर्न लाग्ने समयको आँकलन गरी अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कार्यावधि समाप्त हुनु भन्दा अगावै शान्ति प्रकृयाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मितिदेखि अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको मानिनेछ ।"

(३) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "उपदफा (१) मा" भन्ने सब्दहरुको सट्टा "यस दफामा अन्यत्र" भन्ने शब्दहरु राखे ।

(४) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (२)" भन्ने शब्दको सट्टा "उपदफा (४)" भन्ने शब्द राखे ।

५. विधेयकको दफा ५ को उपदफा (२) मा रहेका "दफा ६ को उपदफा (३) बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा ६ को उपदफा (५) बमोजिम" भन्ने शब्दहरु राखे।

६. विधेयकको दफा ५ पछि देहायको दफा ६ थप गरी त्यसपछिका दफा क्रम मिलाउने:-

"६. मूल ऐनको दफा ११ मा संशोधन: मूल ऐनको दफा ११ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्ने:-

"(१क) आयोगमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ ।"

७. विधेयकको दफा ६ दफाक्रम मिलाउदा कायम हुने दफा ७ को उपदफा (१) पछि देहायका उपदफा (२) र (३) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउने:-

(२) उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थप गर्ने:-

"(६क) उपदफा (६) को प्रयोजनको लागि दफा ३ बमोजिम अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भए पछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्नेछ ।

(६ख) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि आयोगले उजुरी माग गरेको अवधिभित्र काबु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली दफा ३ बमोजिम अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्नेछ। त्यसरी दिएको उजुरीमा उल्लिखित आधार र कारण मनासिब देखिएमा आयोगले उपदफा (६) बमोजिम छानबिन गर्नेछ।"

(३) उपदफा (७) पछि देहायका उपदफा (७क), (७ख) र (७ग) थप गर्ने:-

"(७क) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाको उजुरी राष्ट्रिय मानव अधिकार आयोग वा राष्ट्रिय महिला आयोग लगायतका विभिन्न निकायमा दर्ता भई त्यस्ता आयोग वा

निकायमा विचाराधीन रहेको पीडितको निवेदन वा अन्य कुनै स्रोतबाट आयोगलाई जानकारी हुन आएमा आयोगले त्यस्ता उजुरी छानबिन गर्ने प्रयोजनका लागि त्यस्ता उजुरी र सो सँग सम्बन्धित विवरण सम्बन्धित आयोग वा निकायसँग माग गर्न सक्नेछ ।

(७ख) उपदफा (७क) बमोजिम माग भई आएमा त्यस्ता आयोग वा निकायले उजुरी र सोसँग सम्बन्धित विवरण आयोगलाई पठाउनु पर्नेछ।

(७ग) आयोगको पहुँच पीडित समक्ष प्रभावकारी रुपमा पुऱ्याउन आयोगले आवश्यकता अनुसार प्रदेश र जिल्ला वा स्थानीय तहमा कार्यालय वा संयन्त्र स्थापना गर्न सक्नेछ ।"

८. विधेयकको दफा ९ दफाक्रम मिलाउँदा कायम हुने दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

(२) उपदफा (६) को सट्टा उपदफा (६) राखेः-

"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मानव अधिकार उल्लङ्घनका घटनाको कारबाही वा मुद्दा जुनसुकै चरणमा रहेको भए तापनि पीडितको स्वतन्त्र सहमतिमा मेलमिलाप गराउन सकिनेछ।"

९. विधेयकको दफा १० दफाक्रम मिलाउँदा कायम हुने दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित दफा २५क. मा उल्लिखित व्यक्ति वा निजको परिवारका सदस्यलाई समेत यस ऐन बमोजिमको परिपूरणको अधिकार हुनेछ ।"

१०. विधेयकको दफा ११ दफाक्रम मिलाउँदा कायम हुने दफा १२ को,-

(१) उपदफा (१) मा रहेका "नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।" भन्ने शब्दहरु पछि "त्यसरी पीडितलाई निजको सम्पत्तिको क्षतिबापत क्षतिपूर्तिको रकम सिफारिस गर्दा त्यस्तो सम्पत्ति क्षति हुँदाका बखतको सम्पत्तिको मूल्य र पीडितले क्षतिपूर्ति प्राप्त गर्न लागेको समयावधि र प्रचलित बजार मूल्यलाई समेत आधार लिनुपर्नेछ ।"

(२) उपदफा (३) मा रहेका "देहायको उपदफा (२क) थपिएको छ" भन्ने शब्दहरुको सट्टा "देहायका उपदफा (२क) र (२ख) थपिएका छन्" भन्ने शब्दहरु राखी उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप गर्नेः-

"(२ख) उपदफा (१), (२) वा (२क) बमोजिम आयोगले परिपूरणको लागि गरेको सिफारिसमा चित्त नबुझेमा पिडितले त्यसको आधार र कारण खोली विशेष अदालतमा निवेदन दिन सक्नेछ ।पीडितले दिएको निवेदनमा उल्लिखित आधार र कारण मनासिब देखिएमा विशेष अदालतले उपयुक्त आदेश दिन सक्नेछ ।"

११. विधेयकको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखेः-

"(१) आयोगले दफा २२ बमोजिम मेलमिलाप हुन नसकेको वा दफा २६ बमोजिम क्षमादानको सिफारिसमा नपरेको मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिका सम्बन्धमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ र मानव अधिकार उल्लङ्घनका अन्य घटनाको सम्बन्धमा सम्बन्धित पीडित वा निजको हकवालालाई जानकारी दिनु पर्नेछ।

(२) मानव अधिकारको उल्लङ्घनको घटना र मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा संलग्न भएकोमा मानव अधिकार उल्लङ्घनको घटनामा मेलमिलाप भएको वा क्षमादानको लागि सिफारिसमा परेको कारणबाट मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा संलग्न पीडकलाई कानून बमोजिम कारबाहीका लागि महान्यायाधिवक्ता समक्ष सिफारिस गर्न बाधा पर्ने छैन।"

१२. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ बाट मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २५क. को,-

(१) दफा शीर्षकमा रहेका "गर्न सक्ने" भन्ने शब्दहरुको सट्टा "गर्ने" भन्ने शब्द राखे ।

(२) दफाको वाक्यको शुरुमा "(१)" थपी सोही वाक्यमा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राखी सोही उपदफाको खण्ड (ख) मा रहेका "वा निजका परिवारका सदस्य" भन्ने शब्दहरु पछि "र बहिर्गमित व्यक्ति" भन्ने शब्दहरु थपी सो खण्डको अन्त्यमा "बहिर्गमित व्यक्ति" को देहाय बमोजिम स्पष्टीकरण राखेः-

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "बहिर्गमित व्यक्ति" भन्नाले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ बमोजिम रितपूर्वक दर्ता हुन नसकेका व्यक्ति सम्झनु पर्छ।

(३) खण्ड (ग) मा रहेका "विष्फोटक पदार्थको" भन्ने शब्दहरु पछि "सशस्त्र द्वन्द्वको अवधिमा वा सो अवधि पश्चात" भन्ने शब्दहरु राखे ।

(४) उपदफा (१) पछि देहायको उपदफा (२) राखेः-

"(२) उपदफा (१) को खण्ड (ख) बमोजिम बहिर्गमित व्यक्तिलाई राहत तथा सहयोग सहितको परिपूरण प्रदान गर्न सिफारिस गर्दा यो दफा प्रारम्भ हुँदाका बखतसम्म नेपाल सरकारबाट कुनै राहत, सुविधा वा सहुलियत प्राप्त नगरेको बहिर्गमित व्यक्तिलाई प्रदान गर्न सिफारिस गर्नु पर्नेछ।"

(५) ठाँउ ठाँउमा रहेका "आवश्यक राहत तथा सहयोग" भन्ने शब्दहरुको सट्टा "आवश्यक राहत तथा सहयोग सहितको परिपूरण" भन्ने शब्दहरु राखे ।

१३. विधेयकको दफा १५ दफाक्रम मिलाउँदा कायम हुने दफा १६ बाट संशोधन गर्न प्रस्ताव गरिएको मूल ऐनको दफा २६ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कुनै पीडक मानव अधिकार उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनामा संलग्न भएको छानबिनबाट देखिएमा र त्यस्तो पीडकलाई यस दफा बमोजिम मानव अधिकार उल्लङ्घनमा मात्र क्षमादान गर्न सकिने भएमा आयोगले पीडकलाई सो उल्लङ्घनमा मात्र क्षमादानको लागि सिफारिस गर्न सक्नेछ ।"

१४. विधेयकको दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ बाट संशोधन गर्न प्रस्ताव गरिएको मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) मा रहेका "मानव अधिकारको गम्भीर उल्लङ्घनको कार्यमा संलग्न देखिएका व्यक्ति" भन्ने शब्दहरुको सट्टा "यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने देखिएका व्यक्ति" भन्ने शब्दहरु राखे।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखेः-

"(क) आयोग समक्ष आफूलाई लागेको आरोपको सम्बन्धमा थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखेः-

"(ख) आयोगलाई छानबिन तथा प्रमाण सङ्कलनमा सहयोग गरे नगरेको,

(ग) खण्ड (घ) झिकी त्यस पछिका खण्डको क्रम मिलाउने ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) राखी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम दायर भएको मुद्दा प्रचलित कानून बमोजिमको हदम्यादभित्र दायर भएको मानिनेछ।"

(४) उपदफा (५) क्रम मिलाउँदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यस दफा बमोजिम मुद्दा दायर गर्दा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण तथा सङ्क्रमणकालीन न्यायको सिद्धान्तलाई

ध्यान दिई जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटना बाहेकका मानव अधिकारको गम्भीर उल्लङ्घनका अन्य घटना र दफा २५ को उपदफा (१) बमोजिमको मानव अधिकार उल्लङ्घनको घटनामा तत्काल प्रचलित कानून बमोजिमको सजायमा पच्चिस प्रतिशत सजायको मात्र दाबी लिन सकनेछ।"

(५) उपदफा (५) क्रम मिलाउँदा कायम हुने उपदफा (६) पछि देहायको उपदफा (७) राखेः-

"(७) सार्वजनिक पद धारण गरेको व्यक्ति उपर यस दफा बमोजिम मुद्दा दायर भई थुना वा न्यायिक हिरासतमा रहेमा त्यस्तो थुना वा न्यायिक हिरासतमा रहुन्जेल निज पदबाट स्वतः निलम्बन भएको मानिनेछ ।"

१५. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २० बाट संशोधन गर्न प्रस्ताव गरिएको मूल ऐनको,-

(१) दफा २९क. को उपदफा (१) मा रहेका "सशस्त्र द्वन्द्वको क्रममा घटेका मानव अधिकारको गम्भीर उल्लङ्घनसँग सम्बन्धित मुद्दाको" भन्ने शब्दहरुको सट्टा "सशस्त्र द्वन्द्वको क्रममा घटेका यस ऐन बमोजिम दायर हुने मुद्दाको" भन्ने शब्दहरु राखे ।

(२) दफा २९ख. को,-

(क) उपदफा (१) मा रहेका "जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु पछि "यस ऐन बमोजिम दायर भएको मानव अधिकार उल्लङ्घन वा" भन्ने शब्दहरु राखे र सोही उपदफामा रहेका 'प्रचलित कानून बमोजिमको सजायमा घटाई" भन्ने शब्दहरु झिक्ने ।

(ख) उपदफा (२) मा रहेको "घटी" भन्ने शब्द झिकी सोही उपदफाको खण्ड (क) मा रहेको "उपदफा (५)" भन्ने शब्दको सट्टा "उपदफा (६)" राखे।

(३) दफा २९ङ. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

"(२) उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनको लागि सर्वोच्च अदालतमा संक्रमणकालीन न्याय सम्बन्धी संयुक्त इजलाश रहनेछ र त्यसको लागि

प्रधान न्यायाधीशले आवश्यकता अनुसार सर्वोच्च अदालतका न्यायाधीशहरुको सूची तयार गरी सो मध्येबाट इजलाश तोक्नेछ ।"

(२) उपदफा (३) मा रहेका "सङ्क्रमणकालीन न्याय सम्बन्धी विशेष इजलासले" भन्ने शब्दहरुको सट्टा "इजलासले" भन्ने शब्द राखे ।

१६. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २० पछि देहायको दफा २१ थपी त्यस पछिका दफाक्रम मिलाउने:-

"२१. मूल ऐनमा देहायका दफा ३१क. र ३१ख. थप्ने:-

"३१क. <u>आयोगमा रहने इकाई</u> :(१) आयोगमा देहाय बमोजिमका छुट्टा छुट्टै इकाई रहनेछन्:-

(क) सत्य अन्वेषण तथा छानविन इकाई,

(ख) परिपूरण इकाई,

(ग) मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटना अनुसन्धान इकाई,

(घ) यौनजन्य हिंसा तथा जबर्जस्ती करणीका घटनाको छानविन इकाई,

(ङ) पीडित समन्वय इकाई,

(च) तोकिए बमोजिमका अन्य इकाई ।

(२) उपदफा (१) बमोजिमका इकाईको काम, कर्तव्य तथा कार्यदिश तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमका इकाईमा आयोगका कर्मचारीका अतिरिक्त सम्बन्धित विषय विज्ञ समेत रहनेछन् ।

३१ख. <u>पीडितको अधिकार सम्बन्धी विशेष व्यवस्था:</u> यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त पीडितलाई अपराध पीडित संरक्षण ऐन २०७५ को परिच्छेद-२ मा उल्लिखित अधिकार समेत प्राप्त हुनेछ ।"

१७. विधेयकको दफा २० दफाक्रम मिलाउदा कायम हुने दफा २२ मूल ऐनमा संशोधन गर्न प्रस्ताव गरिएको दफा ३८ को सट्टा देहायको दफा ३८ राखे:-

"३८. <u>आयोगको कार्यावधिः</u> (१) आयोगको कार्यावधि दफा ६ बमोजिम अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट शान्ति प्रकृयाको काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले कार्य प्रगतिको आधारमा काम सम्पन्न गर्न लाग्ने समयको आँकलन गरी आयोगको कार्यावधि थप गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उल्लिखित अवधिभन्दा अगावै शान्ति प्रकृयाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मिति देखि आयोगको कार्यावधि समाप्त भएको मानिनेछ।"